त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
मानविकी तथा सामाजिक शास्त्र संकाय
FACULTY OF HUMANITIES AND SOCIAL SCIENCES
अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति केन्द्रीय विभाग
CENTRAL DEPARTMENT OF INTERNATIONAL RELATIONS AND DIPLOMACY

मितिः २०८२।१२।०६

## विषयः स्नातकोत्तर तहको शोधपत्र बुझाउने सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा त्रि.वि., प्राज्ञिक परिषद् स्थायी समितिको मिति २०८२ माघ २९ गते सम्पन्न बैठकको निर्णय नं.२८१ को निर्णयानुसार यस विभागमा स्नातकोत्तर तहमा ई.सं. २०२० वा सो भन्दा अघि भर्ना भई अध्ययन पुरा गरी परीक्षा समेत उत्तीर्ण भएको तर शोधपत्र बुझाउन बाँकी रहेकाहरुको सर्न्दभमा अन्तिम मौका स्वरुप मिति २०८३ आषाढ मसान्त सम्म सम्बन्धित डीनको कार्यालयमा शोधपत्र बुझाउने गरी स्वीकृति दिने निर्णय भए अनुसार स्नताकोत्तरतहको शोधपत्र(Thesis) पेश गर्ने समयावधि विस्तार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

उक्त निर्णय बमोजिम स्नताकोत्तर तह अन्तर्गत शोधपत्र(Thesis) पेश गर्न बाँकी रहेका विद्यार्थीहरूले देहाय अनुसार अनिवार्य रूपमा आफ्नो शोधपत्र(Thesis) पेश गर्नुपर्नेछः

१. शोधपत्र मौखिक (Thesis Defense) प्रक्रियामा समावेश हुनका लागि विद्यार्थीहरुले आफ्नो शोधपत्र(Thesis) **२०८३ जेष्ठ मसान्तसम्म** अनिवार्य रुपमा यस विभागमा पेश गरिसक्नुपर्नेछ ।

२. विभागमा शोधपत्र मौखिकमा (Thesis Defense) सहभागी भएका विद्यार्थीहरुको मूल्याङ्कन २०८३ आषाढ मसान्त सम्म डीन कार्यालयमा बुझाउने निर्णय भए अनुसार शोधपत्र मौखिकमा (Thesis Defense) विज्ञ तथा अनुसन्धान समितिहरुबाट प्राप्त हुन आएको सुझाब अनिवार्य रुपमा समावेश गरी **अन्तिम शोधपत्र (Final Thesis)पेश गर्ने म्याद मिति २०८३ आषाढ महिनाको तेश्रो हप्ता** कायम गरिएको छ ।

अतः सम्बन्धित सबै विद्यार्थीहरूलाई निर्धारित समयसीमा भित्र आवश्यक प्रक्रिया पूरा गरी शोधपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

उप-प्रा. अपेक्षा शाह
विभागीय प्रमुख

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
प्राज्ञिक परिषद्को कार्यालय
OFFICE OF THE ACADEMIC COUNCIL

कीर्तिपुर, काठमाडौं, नेपाल
Kirtipur, Kathmandu, Nepal

प्राज्ञिक परिषद्को कार्यालय कीर्तिपुर

In reply please refer to
च.नं.: ९८३/०८२/०८३

Date/मिति : २०८२।११।१३

श्री परीक्षा नियन्त्रण कार्यालय
त्रि.वि. बल्खु ।

त्रि.वि. परिक्षा नियन्त्रण कार्यालय
बल्खु
मूल द.नं. 195
मिति: 11/29

विषयः- निर्णय पठाएको बारे ।

त्रि.वि. प्राज्ञिक परिषद स्थायी समितिको मिति २०८२ माघ २९ गते सम्पन्न बैठकको निर्णय नं. २८१ त्यस कार्यालयसंग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाएको व्यहोरा अनुरोध गर्दछु ।

केदार नाथ ढकाल
प्रमुख

## निर्णय नं २८१

त्रि.वि. अन्तर्गतका विभिन्न अध्ययन संस्थान वा संकायहरुमा संचालित स्नातकोत्तर तहका ई.सं. २०२० वा सो भन्दा अघि रजिष्ट्रेसन भएका वार्षिक एवं सेमेस्टर प्रणालीका कार्यक्रमहरूमा अध्ययन पुरा गरी परीक्षा समेत उत्तीर्ण भएको तर शोधपत्र (Project Work / Thesis /Dissertation) बुझाउन बाँकी रहेकाहरुको सन्दर्भमा अन्तिम मौका स्वरूप २०८३ आषाढ मसान्तसम्म सम्बन्धित डीन कार्यालयमा शोधपत्र बुझाउने गरी स्वीकृति दिने निर्णय गरियो ।

Tel.: 4331969, Fax: 977-1-4331964, E-mail: academic.council@tu.edu.np, P.O.Box No. 8212